**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

मालिका गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः... ७ संख्याः... ४ मितिः २०८०।०५।०४

**भाग-२**

**मालिका गाउँपालिका**

# सेमी छात्राबास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

आज्ञाले,

विकास खनाल

प्रमुख प्रशासकीय अधिकृत

# सेमी छात्राबास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०५।०१**

मालिका गाउँपालिकामा कक्षा १० /कक्षा ८ सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुमा सेमी छात्राबास कार्यक्रम सञ्चालन गरी कक्षा १० /कक्षा ८ का विद्यार्थीहरूको कक्षा ८/एस.इ.इ. नतिजा सुधार गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) **र मालिका गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४** बमोजिम मालिका गाउँपाालिका, गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

१. सक्षिप्त नाम विस्तार र प्रारम्भः (क) यस कार्यविधिको नाम **सेमी छात्राबास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०** रहेको छ। यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(ख) यो कार्यविधि मालिका गाउँपालिका क्षेत्रभित्रका कक्षा १० /कक्षा ८ सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुमा लागु हुनेछ।

(ग) यो कार्यक्रमको लागि हरेक आर्थिक वर्षमा गाउँपालिका

२. परिभाषाः

(क) "ऐन" भन्नाले मालिका गाउँपालिकाको शिक्षा ऐन सम्झनुपर्छ। "नियमावली" भन्नाले मालिका गाउँपालिकाको शिक्षा नियमावली, २०७५ सम्झनुपर्छ।

(ख) "गाउँपालिका" भन्नाले मालिका गाउँपालिका सम्झनुपर्छ।

(ग) "अध्यक्ष" भन्नाले मालिका गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(घ) सामाजिक विकास समिति संयोजक भन्नाले मालिका गाउँपालिकाको सामाजिक विकास समिति सम्झनुपर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मालिका गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(च) "शाखा" भन्नाले मालिका गाउँपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ।

(छ) "शिक्षा समिति" भन्नाले मालिका गाउँपालिकाको गाउँ शिक्षा समिति सम्झनुपर्छ।

(ज) “विद्यालय” भन्नाले मालिका गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका कक्षा १० /कक्षा८सञ्चालित विद्यालयलाई सम्झनुपर्छ ।

(झ) “प्रधानाध्यापक” भन्नाले विद्यालयको प्रशासकीय तथा शैक्षिक नेतृत्वको जिम्मेवारी लिने व्यक्ति सम्झनुपर्छ ।

(ञ) “ सेमी छात्रावास” भन्नाले विद्यालयको नियमित समय भन्दा बाहिरको समय जस्तै विहान वा बेलुकीको समयमा विद्यार्थीहरू विद्यालयमा बसी अध्ययन गर्न गरिएको अर्ध आवासीय व्यवस्था भन्ने बुझिन्छ ।

३. अनुदान प्रदान गर्ने :

(क) कार्यक्रम सञ्चालन अनुदानको रूपमा कक्षा १० /कक्षा ८सञ्चालन भएका प्रत्येक विद्यालयलाई विनियाजित रकमको ७.५% रकम निकासा गरिनेछ ।

(ख) उपदफा “क” को रकम विद्यालयले कक्षा १० /कक्षा८का विद्यार्थीहरूको लागि कक्षा ८ / एस.इ.इ. सहयोग अध्ययन/अध्यापन सामग्री, मसलन्द तथा स्टेशनरी, परीक्षा सामग्री , पानी फिल्टर, शिक्षक/विद्यार्थी खाजा र बसाइ व्यवस्थापनको लागि अति आवश्यक सामग्री खरिद गर्न सकिनेछ ।

(ग) कक्षा ८ / एस.इ.इ. को नतिजामा आधारित विद्यालयको एकिकृत मूल्याङ्कनबाट उत्कृष्ट हुने ३ विद्यालयहरूलाई विनियोजित रकममध्ये १७.५% ले हुन आउने रकम पुरस्कारको रुपमा प्रदान गर्न सकिनेछ । पुरस्कारको लागि छुट्याइएको रकमको ४२.८% रकम प्रथमलाई, ३५.७% रकम दोस्रोलाई र २१.४२% रकम तेस्रोलाई पुरस्कारको रुपमा प्रदान गरिएको छ ।

४. सेमी छात्राबास कार्यक्रम सञ्चालन गर्न देहायबमोजिमको एक कार्यक्रम सञ्चालन मूल समिति गठन हुनेछ ।

(१) सामाजिक विकास समिति संयोजकः संयोजक

(२) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

(३) गाउँपालिकाले तोकेको वि.व्य.स. अध्यक्षः सदस्य

(४) गाउँपालिकाले तोकेको विद्यालयको प्र.अ.: सदस्य

(५) प्रा.स., शिक्षा शाखाः सदस्य

(६) शिक्षा शाखा प्रमुखः सदस्य सचिव

५. विद्यालय स्तरीय सेमी छात्राबास कार्यक्रम कार्यान्वयन समिति विद्यालयको व्यवस्थापन समितिको संयोजकत्व र प्रधानाध्यापक सदस्य सचिव हुने गरी सम्बन्धित शिक्षक, अभिभावक र विद्यार्थी समावेश हुने गरी बढीमा ७ सदस्यीय समिति गठन हुनेछ ।

६. शिक्षा, युवा तथा खेलकुद शाखाको दायित्व

(१) कार्यक्रम कार्यान्वयनको आधारमा रकम निकासाको सिफारिस गर्ने,

(२) कार्यक्रम कार्यान्वयनका लागि विद्यालयलाई प्रोत्साहन गर्ने,

(३) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने

(४) विद्यालयको कार्यक्रम सम्बन्धित विभिन्न व्यवस्थापकीय कार्यहरूको अनुगमन, मूल्याङ्कन गर्ने,

(५) कक्षा ८ /एस.इ.इ. को नतिजा पश्चात प्रत्येक विद्यालयलाई नतिजाको मूल्याङ्कन गरी उत्कृष्ट विद्यालयलाई पुरस्कार हस्तान्तरण गर्ने ।

(६) विद्यार्थीको खाजा, खाना तथा अन्य स्वास्थ्यसँग सम्बन्धित पक्षहरूको अनुगमन तथा पृष्ठपोषण गर्ने,

८. विद्यालय स्तरीय समितिको दायित्व

(१) सेमी छात्राबास कार्यक्रम कार्यान्वयन गर्न आवश्यक अन्तक्रिया तथा छलफल गर्ने,

(२) सेमी छात्राबास का लागि आवश्यक सबै भौतिक व्यवस्थापनमा सहजीकरण गर्ने,

(३) सेमी छात्राबास सञ्चालनमा हुने अन्य आर्थिक स्रोतको पहिचान तथा प्रयोग गर्ने,

(४) विद्यालयमा बिहान र बेलुकी सेमी छात्राबासको कार्यक्रम सञ्चालन गर्ने,

(५) सेमी होस्टेलको समय तथा मोडालिटि तयार गरी लागु गर्ने,

९. तोकिएका व्यवस्थापकीय सुचाङ्क र कक्षा ८ / एस.इ.इ. नतिजामा विद्यालयले हासिल गरेको उपलब्धिको आधारमा उत्कृष्ट ३ विद्यालयलाई तोकिएको अनुदान प्रदान गरिनेछ। यस्तो अनुदान कक्षा ८/एस.इ.इ. नतिजा पछिमात्र हस्तान्तरण गरिनेछ।

१०. कार्यक्रम सम्पादन तथा विद्यालयले हासिल गरेको नतिजालाई १०० प्रतिसत मानी व्यवस्थापकीय पक्षको मूल्याङ्कनको भार २० प्रतिशत र विद्यालयमा विद्यार्थीहरूले हासिल गरेको जि.पि.ए.को आधारमा प्राप्त विद्यालयको औषत जि.पि.ए. को भार ८० प्रतिशत हुनेछ ।

(क) व्यवस्थापकीय सुचाङ्कका आधारमा विद्यार्थी मूल्याङ्कन निम्नानुसार हुनेछः

| सि. नं. | व्यवस्थापकीय आधार | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | विद्यार्थीहरूलाई खाजा, खाना खाने स्थान र पिउने पानीको उचित व्यवस्था गरेको | २ | |
| २ | विद्यालयबाट घर टाढा भएकालाई आवासको व्यवस्थापनमा मद्दत गरेको | २ | |
| ३ | अध्यापन हुने सबै विषयमा आवश्यकताको आधारमा अतिरिक्त कक्षाव्यवस्थापन गरेको | २ | |
| ४ | विद्यार्थीलाई उचित तरिकाले शिक्षण सिकाइ पृष्ठपोषण गरिएको | २ | |
| ५ | अतिरिक्त अध्ययन स्रोत सामग्री व्यवस्थापन गरिएको | २ | |
| ६ | विशेष आवश्यकता भएका विद्यार्थीलाई विशेष शिक्षण व्यवस्थापन गरिएको | २ | |
| ७ | निरन्तर अभ्यास पुस्तिका परीक्षण गरिएको | २ | |
| ८ | विद्यार्थीहरुलाई हरेक विषयको नोट व्यवस्थापन गर्न प्रेरित गरेको, | २ | |
| ९ | वि.व्य.स. तथा शिक्षक बैठक निरन्तर रुपमा बसी सेमी होस्टेलको कार्यान्वयनमा प्रयास गरेको | २ | |
| १० | विद्यार्थीको नियमित उपस्थिति कायम गरेको | २ | |

(ख) विद्यालयले कक्षा ८/१०

एस.इ.इ. मा हासिल गरेको औषत जि.पि.ए.लाई ५० अङ्क निर्धारण गरिनेछ । विद्यालयले प्राप्त जि.पि.ए. को आधारमा देहायबमोजिम अङ्क प्राप्त गर्नेछन् ।

| सि न | जि पि ए विस्तार | अङ्क | कैफियत |
|---|---|---|---|
| १ | ३.६ भन्दा माथि | ५० | |
| २ | ३.२-३.४ | ४५ | |
| ३ | ३-३.२ | ४० | |
| ४ | २.८-३ | ३५ | |
| ५ | २.६-२.८ | ३० | |
| ६ | २.४-२.८ | २५ | |
| ७ | २.२-२.४ | २० | |

| | | | |
|---|---|---|---|
| ८ | २-२.२ | १५ | |
| ९ | २ भन्दा कम | १० | |

(ग) देहायका जि.पि.ए. प्राप्त गरेका विद्यार्थीहरुको संख्याको आधारमा विद्यालयलाई प्रदान गरिन ३० अङ्क तपसिल बमोजिम अङ्क प्राप्त हुनेछ।

| सि न | जि.पि.ए. विस्तार | अङ्कभार | |
|---|---|---|---|
| १ | ३.६-४ | ३० | प्रति विद्यार्थी २ अङ्क |
| २ | ३.२-३.६ | २८ | प्रति विद्यार्थी १.५ अङ्क |
| ३ | २.८-३.२ | २६ | प्रति विद्यार्थी १ अङ्क |
| ४ | २.४-२.८ | २४ | प्रति विद्यार्थी ०.५ अङ्क |
| ५ | २.०-२.४ | २२ | प्रति विद्यार्थी ०.२५ अङ्क |

*पूनश्चः प्रत्येक जि.पि.ए. विस्तारको लागि तोकिएको अङ्कभार नबढ्ने गरी जुनसुकै जि.पि.ए. विस्तार क्षेत्रबाट अधिकतम ३० अङ्क प्राप्त हुने गरी विद्यालयलाई अङ्क प्रदान गरिनेछ । माथिल्लो जि.पि.ए. विस्तारबाट ३० अङ्क प्राप्त भए तल्लो जि.पि.ए. विस्तारमा उत्तीर्ण विद्यार्थी संख्याको आधारमा विद्यालयलाई प्राप्त हुने अङ्क गणना गरिनेछैन ।*

११. मूल्याङ्कन प्रक्रिया

कार्यक्रम सञ्चालन अवधिभर कार्यक्रमको अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण तथा सहजीकरण गर्न एक मूल्याङ्कन समिति रहनेछ । उक्त समितिले तोकिएको ढाँचामा प्रत्येक विद्यालयको कार्यक्रम प्रगतिको अनुगमन गरी अभिलेख राख्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृतः संयोजक

प्राविधिक सहायकः सदस्य

शिक्षा शाखा प्रमुखः सदस्य सचिव

१२ बाझिएमा अमान्य हुनेः यस कार्यविधिमा लेखिएको कुरा संघीय शिक्षा ऐनसँग बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

आज्ञाले
विकास खनाल
प्रमुख प्रशासकीय अधिकृत

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्बाङ, गुल्मी जिल्ला
लुम्बिनी प्रदेश, नेपाल
२०७३